क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७७, २०८२ भदौ १४ गते शनिबार (30 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक



बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

क्रेता वा सामाग्री खरिदकर्ताले:
- विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौं,
- विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,
- विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,

बिक्रेताले:
- ग्राहकलाई सामाग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
- विल बमोजिमको सामान उपलब्ध गराऔं,

सामान खरिद बिक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# धनगढीको मुख्य सडक निर्माण अन्तिम चरणमा

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १३ भदौ**

सुदूरपश्चिम प्रदेशको अस्थायी मुकाम धनगढीको मुख्य सडक निर्माणको निर्णय गर्न पाएकोमा पूर्व मुख्यमन्त्री त्रिलोचन भट्टले खुसी व्यक्त गरेका छन् । आफ्नो पाँच वर्षे कार्यकालमा गरिएका थुप्रै राम्रा निर्णयमध्ये धनगढीको मुख्य सडक बनाउने निर्णय पनि एक रहेको पूर्व मुख्यमन्त्री भट्टले स्मरण गरेका हुन् । धनगढी उपमहानगर सँगको सहकार्यमा सडक निर्माणको निर्णय भएको पूर्व मुख्यमन्त्री भट्टले बताए ।

आफ्नो कार्यकालको सुरुमै सडक निर्माण गर्न चाहेको भए पनि समन्वयको अभावले लामो समयसम्म नागरिकले अस्तव्यस्त सडक प्रयोग गर्नुपरेको र आफूले आलोचना खेप्नुपरेको पूर्व मुख्यमन्त्री भट्टले बताएका छन् ।

मुख्यमन्त्रीको जिम्मेवारीमा बस्दासम्म प्रदेश सरकारले सडक निर्माण गर्न सकेन भन्ने आलोचना खेप्नुपरेको भए पनि अहिले सडक निर्माणको काम अन्तिम चरणमा रहेको भन्दै पूर्व मुख्यमन्त्रीले खुसी व्यक्त गरेका छन् । 'प्रदेश सरकार बनिसकेपछि पनि सडक नबनेको गुनासो मैले पटक-पटक सुन्नु परेको थियो । समस्या भने मूल सडकको घर न तोड्नु थियो,' उनले भने, 'स्थानीय तहले सडक किनारको घर नभत्काएपछि सडक निर्माणको काम हुन सकेन । आलोचना भने प्रदेश सरकारले खेप्नुपरेको थियो ।'

२०७४ देखि २०७९ सालसम्म धनगढी उपमहानगरपालिकाले मुख्य सडक निर्माणमा चासो नदिँदा आफूले आलोचना खेप्नुपरेको पूर्व मुख्यमन्त्री त्रिलोचन भट्टले बताएका छन् । धनगढी उपमहानगरपालिकाले समन्वय र सहकार्य नगर्दा चार वर्षसम्म निरन्तर आलोचनाको सिकार हुनुपरेको पूर्व मुख्यमन्त्री भट्टले बताए । त्यतिबेला धनगढीको मुख्य सडक अस्तव्यस्त हुँदा पनि प्रदेश सरकारले सडक निर्माणको योजना हाल्न नपाएको पूर्व मुख्यमन्त्री भट्टको भनाइ छ ।

स्थानीय तह अर्थात् उपमहानगरपालिकाले मुख्य सडक निर्माणमा चासो नदिँदा प्रदेश सरकारले सर्वसाधारणको आलोचना खेप्नुपरेको पूर्व मुख्यमन्त्री भट्टको भनाइ छ । आर्थिक वर्ष २०७९/०८० को बजेटमा प्रदेश सरकारले कैलाली पुलदेखि क्याम्पस चोकसम्मको मुख्य सडक निर्माणका लागि बजेट विनियोजन गरेको हो। धनगढी उपमहानगरपालिकामा नयाँ नेतृत्व आएपछि प्रदेश सरकार र उपमहानगरको आपसी संवाद र सहकार्यमा योजना छनोट गरिएको पूर्व मुख्यमन्त्री भट्टले बताए ।

प्रदेशको पूर्वाधार विकास कार्यालयले ६६ करोड लागतमा सडक निर्माण गर्न २०७९ मा डिपिआर बनाएर पुस महिनामा टेण्डर आह्वान गरेको हो । आफ्नो पाँच वर्षे कार्यकालको अन्तिम आर्थिक वर्षको बजेटमा योजना समावेश गरेर सडक निर्माणको टेण्डरसमेत आफू मुख्यमन्त्री हुँदा नै गरिएको पूर्व मुख्यमन्त्री भट्टले बताए । 'जुन डिपिआर बनेको थियो, त्यसैको आधारमा बजेट सुनिश्चित गर्ने काम भएको हो । प्रदेश सरकारले बजेट दिने र स्थानीय तहले सडक क्षेत्र खाली गर्ने काम भएपछि योजना अगाडि बढेको हो,' पूर्व मुख्यमन्त्री भट्टले भने ।

धनगढी उपमहानगरपालिकाको नगर प्रमुखको रूपमा गोपाल हमाल आएपछि सडक निर्माणको विषयमा प्रदेश सरकार र उपमहानगरपालिकाबिच संवाद र छलफल सुरु भएको हो । उपमहानगरमा नयाँ नेतृत्व र जनप्रतिनिधि आएपछि प्रदेशको बजेटमा योजना समावेश गरिएको हो । धनगढी उपमहानगरपालिकाले सडक मुख्य सडकको सडक क्षेत्राधिकार खाली गराउने भएपछि ठेक्का लगाउने प्रक्रिया अगाडि बढेको हो ।

प्रदेश सरकारले ६६ करोडको टेण्डर निकालेकोमा ५१ करोड ९६ लाखमा धनगढीकै केएस कन्सट्रक्सनसँग सडक निर्माणको सम्झौता भएको हो । प्रदेश सरकारले नमुनाको रूपमा निर्माण गर्न खोजेको धनगढीको मुख्य सडक अहिले निर्माणको अन्तिम चरणमा छ। उक्त सडक निर्माण हुनुले प्रदेश र स्थानीय तहको आपसी सहकार्य मजबुत हुने विश्वास पूर्व मुख्यमन्त्री भट्टको छ ।

'हामी स्थानीय तहसँग सहकार्य गर्न तयार थियौं । धनगढीमा नयाँ नेतृत्व आएपछि सडक निर्माणमा सहकार्य गर्न सकिन्छ भनेर बजेटमा योजना हालियो । अहिलेको मेयरसाब काम गर्न तयार भएपछि बजेटको सुनिश्चितता समेत गरिएको थियो,' पूर्व मुख्यमन्त्री भट्टले भने ।

धनगढीको कैलाली पुलदेखि क्याम्पस रोडसम्म कालोपत्र सडक निर्माणको ठेक्का सम्झौता भने २०८० वैशाख २७ गते भएको हो । आफू मुख्यमन्त्री भएको समयमा सडक पूर्वाधार निर्माण गर्न सबै पहाडी जिल्लामा समेत प्रदेश गौरवको सडक योजना छनोट गरेर बजेट हाल्ने काम भएको पूर्व मुख्यमन्त्री भट्टले बताए ।

धनगढी मुख्य सडक निर्माणको अन्तिम चरणमा रहे पनि पहाडी जिल्लाका प्रदेश गौरवका योजनामा भने अहिलेको प्रदेश सरकारले बजेट विनियोजन नगरेको पूर्व मुख्यमन्त्री भट्टको गुनासो छ ।

# भारतले आतंकवादी भन्दै नेपालबाट बिहार प्रवेश गरेको दाबी गरेका ३ पाकिस्तानी फर्किए मलेसिया

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १३ भदौ**

भारतले पाकिस्तानस्थित आतंकवादी संगठन जैस 'ए' मोहम्मदका सदस्य बिहार प्रवेश गरेको दाबी गरेका तीनै जना पाकिस्तानी नागरिक मलेसिया फर्किएको पुष्टि भएको छ ।

दुबईबाट एकसाथ काठमाडौं आएका उनीहरू यहाँबाट छुट्टाछुट्टै मितिमा मलेसिया फर्किएको अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले पुष्टि गरे ।

'हाम्रो अध्यागमनको रेकर्डमा उनीहरुको कुनै पनि कैफियत देखिएन। तर विवरण सार्वजनिक भएका व्यक्तिहरू नेपाल आएर फर्किइसकेको देखियो', महानिर्देशक तिवारीले नेपालखबरसँग भने, 'हसनैन अली, आदिल हुसैन र मोहम्मद उस्मान दुबईबाट साउन २३ गते (अगस्ट ८) मा काठमाडौं आइपुगेका थिए ।' तर उनीहरू फर्किंदा भने छुट्टाछुट्टै मितिमा मलेसिया गएको पाइएको छ। हसनैन अली आज बिहीबार (अगस्ट २८) मात्रै मलेसियन एयर लाइन्स ( मालिन्दो एयर)मार्फत मलेसिया फर्किएका हुन् ।

आदिल हुसैन भदौ ८ गते (अगस्ट २४) मा र मोहम्मद उस्मान साउन ३० गते (अगस्ट १५) मै मलेसिया फर्किएको पुष्टि भएको छ। तर उनीहरू आतंकवादी संगठनका सदस्य रहेको भनि अध्यागमनको कालोसूचीमा थिएनन् ।

उनीहरूलाई रोक्न पर्ने कुनै कारण आफ्नो रेकर्डमा नदेखिएपछि नेपालको अध्यागमन विभागले निर्वाधरुपमै आउजाउ गर्न दिएको छ ।

तर भारतले भने नेपाल हुँदै आफ्नो राज्य बिहार प्रवेश गरेको दाबी गरेको थियो। उनीहरू तिनैजनाको नाम र तस्बिर पनि सार्वजनिक गरेको थियो । भारतले नेपालहुँदै बिहार प्रवेश गरेको दाबी गरेर विवरण सार्वजनिक गरेपछि नेपालको अध्यागमनले चासो दिएर अध्ययन गरेको थियो । भारतले विवरण सार्वजनिक गरेकै पाकिस्तानी नागरिकहरू नेपाल आएको र फर्किइसकेको फेला परेको हो । भारतको प्रहरी मुख्यालयले भागलपुरलगायत बिहारका सबै जिल्लामा 'अलर्ट' जारी गरेको भारतीय सञ्चारमाध्यामको दाबी छ ।

पाकिस्तानबाट आएका ती व्यक्तिले अब देशमा आतंकवादी घटना गराउन सक्ने दाबी भारतीय प्रहरीको रहेको समाचारमा उल्लेख छ ।

नेपालसँग सीमा जोडिएका भागलपुर, अररिया, किशनगन्ज, सुपौल, मधुवनी, सीतामढी, पूर्वी चम्पारण र पश्चिम चम्पारण जिल्लालाई उच्च निगरानीमा राखिएको भारतीय प्रहरीले जनाएको थियो ।

उनीहरू यसबीचमा कहाँ कहाँ गए भन्ने विवरण भने प्राप्त छैन। तर भारतमा उनीहरूकै नामले आतंक मच्चिरहँदा उनीहरू भने नेपालको विमानस्थल हुँदै मलेसिया पुगिसकेको पुष्टि भएको हो ।

## सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

**स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार


आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery)
(DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंदर
M.B.B.S., MD, DM
(Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी.एस.डी. कैंटीन (पुराना सरकारी हॉस्पिटल) के सामने सितारगंज रोड खटीमा-उत्तराखण्ड
वरिष्ठ महिला रोग विशेषज्ञ
(OBS & GYNAE)

गर्भवती महिलाओं की नियमित जांच एवं परामर्श
- नॉर्मल एवं सीजेरियन डिलेवरी
- हाई रिस्क प्रेगनेंसी
- समय से पूर्व डिलीवरी
बच्चेदानी का ऑपरेशन एवं महिला रोग से संबंधित समस्त उपचार
परामर्श का समय प्रतिदिन सुबह 10:00 से शाम 5:00 बजे तक
संपर्क सूत्र 9410340585, 9675533333 Email : chhabra1967@gmail.com

क्षेत्रीय अखबार
पश्चिम नेपाल दैनिक


# सुदूरपश्चिमको विकासमा लगानी गर्न आह्वान, मङ्सिरमा लगानी सम्मेलन हुने

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १३ भदौ**

पर्यटकीय दृष्टिकोणले 'भर्जिन ल्यान्ड' का रूपमा रहेको सुदूरपश्चिममा लगानीका लागि सरोकार भएकाहरूले आह्वान गरेका छन् । सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलनको पूर्वसन्ध्यामा सुदूरपश्चिम सरकारसँगको आयोजना र नेपाल पर्यटन बोर्डको सहकार्यमा आज यहाँ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा भएको छलफलमा वक्ताहरूले सुदूरपश्चिममा लगानीकमा लागि आग्रह गरेका हुन् । पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले सुदूरपश्चिमको पर्यटकीय पूर्वाधारमा लगानीका लागि आह्वान गरे। एनले यहाँ लगानीको वातावरण बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी नीति निर्माण र योजना कार्यान्वयनमा ध्यान दिनुपर्ने कुरा औँ ल्याएका छन् । पर्यटनमन्त्री पाण्डेले भने, 'सुदूरपश्चिम पर्यटक आकर्षणका मुख्य आधार प्रकृति, संस्कृति र साहसिक यात्राको सम्मिश्रण भएको प्रदेश हो । त्यहाँ थुप्रै पर्यटकीय सम्भावना उजागर भइरहेका छन् । यस लगानी सम्मेलनमार्फत सुदूरपश्चिमका पर्यटकीय पूर्वाधारमा लगानी गर्न लगानीकर्ताहरूलाई आह्वान गर्दछु ।'

उनले लगानी सम्मेलनका लागि निजी क्षेत्रलाई विश्वासमा लिने र लगानीको वातावरण सिर्जना गर्न कानुनी उल्झन समाधान गर्ने र लगानीमैत्री नीति बनाउनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिए । सुदूरपश्चिको पर्यटन विकासका लागि सुदूर पश्चिममा नेपाल पर्यटन बोर्डको कार्यालय यही



वर्ष स्थापना गर्न बजेट विनियोजन गरिएको पनि मन्त्री पाण्डेले जानकारी दिए । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश सरकार निजी क्षेत्रलाई लगानीका लागि स्वागत गर्न आतुर रहेको उल्लेख गरे । उनले भने, 'हामी सुदूरपश्चिमका सम्भावनालाई लगानी सम्मेलनमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउन चाहन्छौँ । यसका लागि स्वदेशका निजी क्षेत्रलाई लगानीका लागि आवश्यक कानुनी तथा लगानी सुरक्षाको ग्यारेन्टी गर्न सरकार प्रतिबद्ध छ ।'

मुख्यमन्त्री शाहले लगानी सम्मेलनमा सहभागी हुन र त्यहाँका सम्भावनाको अध्ययन गर्दै लगानी गर्न आह्वान गर्नुभएको हो। सुदूरपश्चिममा आगामी मङ्सिर १ र २ गते धनगढीमा लगानी सम्मेलन आयोजना हुने भएको छ । यसै सन्दर्भमा विभिन्न विधामा लगानीका लागि प्रदेश सरकारले विभिन्न निकायसँग छलफल गरिरहेको उनले बताए । कार्यक्रममा सुदूरपश्चिम सरकारका तर्फबाट सुदूर पश्चिममा पर्यटकीय सम्भावना र लगानीको वातावरणको स्थितिबारे प्रदेश नीति तथा योजना आयोगका सदस्य नृपबहादुर सुनार र लगानी तथा विकास सम्मेलन परियोजना विज्ञ दिलिप भट्टले प्रस्तुतीकरण गरेका थिए । अन्तरक्रियामा होटल सङ्घका अध्यक्ष विनायक शाहले सुदूरपश्चिममा लगानीको प्रचुर सम्भावना रहेको भन्दै लगानीको वातावरण बनाइनुपर्नेमा जोड दिए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले सुदूरपश्चिममा पर्यटन विकासका लागि एकीकृत ढङ्गले अघि बढ्नुपर्नेमा जोड दिए। नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) का महासचिव युविकाराज भण्डारी, नेपाल पर्वतारोहण सङ्घका उपाध्यक्ष ठाकुर राज पाँडे, सिद्धार्थ होटल एन्ड ग्रुप अफ कम्पनीका कार्यकारी निर्देशक कृष्ण न्यौपाने, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव रामप्रसाद सेढाईं, नेपाल उद्योग परिसङ्घको पर्यटन समिति सभापति पम्फा धमला, नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज् (नारा) का महासचिव देवराज जोशीलगायत पर्यटन सम्बद्ध निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा पर्यटनसम्बन्धी सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरूले सुदूरपश्चिममा लगानी गर्न आफूहरू तयार रहे भए पनि सरकारले आवश्यक नीति र लगानीको क्षेत्र पहिचान गर्नुपर्ने सुझाव दिएका थिए । सरकारले पछिल्लो समय सुदूरपश्चिम र कर्णाली प्रदेशका हिमालहरूको आरोहण दुई वर्षका लागि निःशुल्क गरेको छ । सुदूरपश्चिमको धनगढी विमानस्थलको स्तरोन्नति र कञ्चनपुर विमानस्थल निर्माणको अन्तिम चरणमा रहेको जानकारी दिइयो । छलफलमा सुदूरपश्चिम धार्मिक दृष्टिले पनि पर्यटकीय सम्भावना बोकेको क्षेत्र भएको उल्लेख गर्दै लगानीका लागि आह्वान गरिएको छ ।

**लगानीकर्तालाई सुदूरपश्चिममा स्वागत गर्न आँतुर छौँ : मुख्यमन्त्री शाह**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम सरकार सुदूरपश्चिममा निजी क्षेत्रलाई लगानीका लागि स्वागत गर्न आँतुर रहेको बताएका छन् ।

सुदूरपश्चिम लगानी तथा विकास सम्मेलनको पूर्वसन्ध्यामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सुदूरपश्चिम सरकारको आयोजना र नेपाल पर्यटन बोर्डको सहकार्यमा काठमाडौँमा भएको पर्यटन क्षेत्रसम्बन्धी छलफल कार्यक्रममा उनले सुदूरपश्चिमका सम्भावनाहरुलाई लगानी सम्मेलनमार्फत राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा चिनाउन चाहेको बताए ।

स्वदेशका निजी क्षेत्रलाई सुदूरपश्चिममा लगानीका लागि आवश्यक कानुनी तथा लगानी सुरक्षाको ग्यारेन्टी लिन प्रदेश सरकार तयार रहेको उनले बताए। मुख्यमन्त्री शाहले लगानी सम्मेलनमा सहभागी हुन र त्यहाँका सम्भावनाको अध्ययन गर्दै लगानी गर्न आह्वान गरे । सुदूरपश्चिम पर्यटकीय दृष्टिकोणले 'भर्जिन ल्याण्ड' भएको उल्लेख गर्दै लगानी गर्न मुख्यमन्त्री शाहले आह्वान गरे ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सुदूरपश्चिमको पर्यटकीय पूर्वाधारमा लगानीका लागि आह्वान गरे । मन्त्री पाण्डेले भने, 'सुदूरपश्चिम पर्यटक आकर्षणका मुख्य आधार नेचर, कल्चर र एड्भेन्चर को समिश्रण भएको प्रदेश हो । सुदूरपश्चिका थुप्रै पर्यटकीय सम्भावनाहरु उजागर भइरहेका छन्।यस लगानी सम्मेलनमार्फत् सुदूरपश्चिमका पर्यटकीय पूर्वाधारमा लगानी गर्न लगानीकर्ताहरुलाई आह्वान पनि गर्दछु ।'

## निर्माण व्यवसायी संघ कञ्चनपुर

### २८ औं वार्षिक सारा सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे

**निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ ।**

**कार्यक्रम**

**मिति** :– २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
उद्घाटन समारोह : –९:०० बजे **स्थान** : –ममताज पार्टी प्यालेश, भीनपा ३ कञ्चनपुर

## लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौँ ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बाबाशिर, पेट रोग विशेषज्ञ

## लाईफ केयर क्लिनिक

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

## आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
**प्रत्येक दिन**

**डा. कुलदिप**
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
**प्रत्येक दिन**

**डा. अभिनव कुमार कटियार**
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग,
कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म
रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
**प्रत्येक मंगलबार**

**डा. योगेश नागेंदर**
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)







**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI
AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

*सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

*आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।***

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**

**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

# बर्ड फ्लु रोक्न भेटेरिनरीले गर्दैछ भटाभट सचेतना मुलक कार्यक्रम

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, १३ भदौ

पुनर्वासमा वर्डफ्लु रोग नियन्त्रण र प्रतिबन्ध सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुरको आयोजनामा सो कार्यक्रम भएको हो ।

सचेतना कार्यक्रममा पुनर्वास नगरपालिकाको नगर उपप्रमुख भुलीया कुमारी रानाले आयोजक प्रति कृतज्ञता ब्यक्त गरिन् । उनले बर्डफ्लु रोग नियन्त्रण र प्रतिबन्धका लागि पालिकाबाट गर्नुपर्ने सहयोग गर्ने प्रतिबद्धता समेत ब्यक्त गरे । पुनर्वास खुल्ला सीमा क्षेत्र भएकाले पनी भारतीय बजार जाने नागरीकहरुलाई ड्यिुटी पोष्ट बाट नै जानकारी दिन सशस्त्र प्रहरीलाई आग्रह समेत गरे ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले वर्डफ्लु नियन्त्रणका लागि खुल्ला सिमानाकामा कडाईका साथ उच्च सुरक्षा शर्तकता अपनाउन निर्देशन दिए । पशुपन्छिमा लाग्ने रोगलाई भारतिय सिमाबाट नेपाल भित्रन नदिन आफ्नो अध्यक्षतामा सोमबार नै बैठक बसेर अहिले पालीका स्तरमा सचेतना अभिबृद्धी र वर्डफ्लु बारे जानकारी गराइरहेको बताए । यस्तै कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ गण हेडक्वाटर



शैलेश्वरी कञ्चनपुरका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक लोकेन्द्रदेब भट्टले समुदाय स्तरबाट पनी साथ र सहयोगको खाँचो र हेको बताए । खुल्ला सिमा क्षेत्रबाट एक पिस कुखुरा भित्र्न नदीन आफु मातहतको युनिटलाई निर्देशन दिए । कुखुरा र माशुजन्य पदार्थ नेपाल भित्रियो भन्ने गुनासो आउँछ सो क्षेत्रको बिओपी प्रमुखहरुले स्पष्टीकरण दिनुपर्ने बताए ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रमुख खड्क बहादुर खत्रीले बर्डफ्लु रोगले जिल्ला नै जोखीममा पर्न सक्ने बताउदै सबैले सजग हुनुपर्ने बताए । सिमा क्षेत्रमा सशसस्त्र प्रहरी, बिओपीहरुले काम गर्ने बताउँदै सीमा क्षेत्र भन्दामाथिको अवस्थामा नेपाल प्रहरी, इप्रका, प्रहरी पोष्टहरुले निगरानी बढाउनु पर्नेमा जोड दिए । सचेतना कार्यक्रममा बोल्दै पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकीका पशु स्वास्थ्य प्राविधिक ध्यानाकर्षण अधिकारीले पछिल्लो समय छिमेकी राष्ट्र भारतमा बर्डफ्लु रोग फैलिएको बताए । कैलाली कञ्चनपुर जिल्लाबाट नजिकको क्षेत्रमा समेत बर्डफ्लु रोग पुष्टि भैसकेको बताउँदै सबैलाई समयमै सजकता अपनाउन उनले आग्रह गरे । कार्यक्रममा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुरका प्रमुख पशु विकास निर्देशक श्याम सिंह खडकाले बर्डफ्लु रोगलाई सामान्य रोग नसोच्न आग्रह गरे । खुल्ला सिमा क्षेत्र भएकाले भारतबाट जुनसुकै समयमा पनी रोग भित्रिन सक्ने बताउदै अहिलेबाट नै पूर्ण रोकथाममा लाग्न आवश्यक रहेको बताए । सिमावर्ती भारतको उत्तराखण्डमा बर्डफ्लुको संक्रमण देखा परेपछि कञ्चनपुरका सिमावर्ती स्थानमा कञ्चनपुर प्रशासनले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ । कार्यक्रममा सहभागीहरुले समेत कुखुरा नियन्त्रणमा सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरे । उनीहरुले पालिकाको अनुगमन समितिले बजार भित्रको माशु कटिङ्ग हुने पसलमा निगरानी र अनुगमन गर्न आवश्यक रहेको बताए । प्रमुख जिल्ला अधिकारी नेतृत्वको बर्ड फ्लु नियन्त्रण समितिको बैठकले भारतबाट बर्ड बर्ड फ्लु भित्रिन दिन सीमा क्षेत्रमा कुखुरा तथा कुखुराजन्य पदार्थको आयातमा पूर्ण प्रतिबन्ध लगाउने, भारतीय सीमासित जोडिएका पालिका र वडाहरुमा सचेतना मुलक कार्यक्रम गर्ने निर्णय गरेको थियो ।

भीमदत्त नगरपालिका ९ र १० र दोधारा चाँदनी नगरपालिकाका कार्यक्रम गरी शुक्रबार पुनर्वासमा गरिएको छ ।

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

नयाँ विद्यार्थी
भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

तपशिल

Management 4 years
-Finance
-Accountancy
-Management
Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

हाम्रा विशेषताहरु
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

भर्ना कार्यक्रम

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

## मेगा बचत तथा ऋण सहकारी संस्था

**प्रधान कार्यालय -महेन्द्रनगर, कञ्चनपुर**

## १२ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस मेगा बचत तथा ऋण सहकारी संस्था लि. महेन्द्रनगरको सञ्चालक समितिको मिति २०८२ साउन १५ गते बिहीबार बसेको १७४ औं बैठकको निर्णय अनुसार संस्थाको १२ औं वार्षिक साधारण सभा तथा निर्वाचन गर्नु पर्ने भएकाले उल्लेखित प्रस्तावमाथि छलफल गरी निर्णय गर्न तपशिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई तपशिलको मिति, समय र स्थानमा अनिवार्य उपस्थित जनाई दिन हन यसै सूचना मार्फत हार्दिक अनुरोध गरिन्छ ।

**१२ औं वार्षिक साधारण सभा सञ्चालक समितिको तर्फबाट एजेण्डाहरू**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम छलफल गरी पारित गर्ने सम्बन्धमा
(२) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को वार्षिक बजेट सम्बन्धमा
(३) लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत २०८१/०८२ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा
(४) बाह्र्य लेखा परीक्षकको आ.व. २०८१/०८२ को बाह्र्य लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा
(५) आ.व. २०८२/०८३ का लागि बाह्र्य लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा
(६) आ.व. २०८२/०८३ को कोष हिसाब खर्च मिलान सम्बन्धमा
(७) निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा
(८) बाह्र्य दायित्व स्वीकार गर्ने सम्बन्धमा
(९) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति निर्वाचन सम्बन्धमा
(१०) कुनै निकायले प्रदान गर्ने ब्यान अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धका
(११) अचल सम्पत्ति खरिद तथा बिक्री गर्ने सम्बन्धमा
(१२) संस्था एकीकरण सम्बन्धि निर्णय गर्ने सम्बन्धमा
(१३) गत आ.व. २०८१/०८२ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने तथा आगामी वर्षका लागि अख्तियारी प्रदान गर्ने सम्बन्धमा
(१४) धन्यवाद ज्ञापन सम्बन्धमा

**इकाईगत रुपमा हुने साधारण सभाहरू**

(क) इकाई १ –बेलौरी, धनगढी सेवा केन्द्र
मिति : २०८२ भदौ १८ गते बुधबार
समय : बिहान १० बजेदेखि
स्थान : बेलौरी नगरपालिकाको सभा कक्ष

(ख) इकाई २– दोधारा चाँदनी ब्रह्मदेब सेवा केन्द्र
मिति : २०८२ भदौ १८ गते बुधबार
समय : बिहान १० बजेदेखि
स्थान : सिद्धनाथ मन्दिर सभा हल ब्रह्मदेब

(ग) इकाई ३– महेन्द्रनगर दैजी सेवा केन्द्र
मिति : २०८२ भदौ १९ गते बिहीबार
समय : बिहान १० बजेदेखि
स्थान : कञ्चनपुर उद्योग बाणिज्य संघको सभा कक्ष

**निर्णय प्रमाणीकरणका लागि हुने साधारण सभा**
मिति : २०८२ भदौ २० गते शुक्रबार
समय : बिहान १० बजेदेखि
स्थान : संस्थाको सभा हल, महेन्द्रनगर

सञ्चालक समितिको आज्ञाले
सचिव

आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
• कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
• अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
• एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
• मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस ।
हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

## सुदूरपश्चिम विश्वविद्यालय

**केन्द्रीय क्याम्पस**

## शिक्षाशास्त्र केन्द्रीय विभाग

**महेन्द्रनगर, कञ्चनपुर**

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरुः**
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

# पशु क्वारेन्टाइन कार्यालय

## गड्डाचौकी कञ्चनपुर

## सूचना ! सूचना !! सूचना !!!

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 (Highly Pathogenic Avian infulenza ) ) बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त र ोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

**तपशिल**

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने
–त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने
– सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने
– पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा पर मा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

**पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com

**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली**
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज
ADMISSION OPEN!
100% JOB PLACEMENT
+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE
SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ ।
Hotel Management Courses
F & B Service
F & B Production (Cook)
Bartender/Sushi Training
Barista Coffee Training
Housekeeping
50% SCHOLARSHIP FOR GIRLS
Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur
099-520086, 9848857933, 9865691710

APEX GODAWARI ACADEMY

Admission Open for BBS
Apply Now!
Spot Entrance

Form Distribution: From 2082/04/20
Class Started: From 2082/05/11
Features
◆ Experienced Faculty
◆ Digital Classroom
◆ Job Placement Support
◆ Well-equipped Computer Lab
◆ Huge Scholarship
◆ Well Furnished Reading Room
◆ Pure Drinking Water
◆ Health Checkup, Change Room
◆ Sports
◆ Huge Seminar Hall
◆ ECA & CCA
◆ Job Placement Support
◆ Internship
◆ Free Wi-Fi Zone
◆ CCTV Surveillance
◆ 24/7 Security Guard on Duty
Scholarship
● 100% to Board Topper
● 100% to who secure "A+" grade in NEB
● 100% to youngest student of 3 brothers and sisters of same parents
● 50% to the student who are sisters and brothers of same parents
● 50% to Orphans
● 20% to the Female
● 20% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
● 20% to Dalit, Janajati, Aadibasi
● 20% to who secure "A" and "B+" grade in NEB
Limited Seat
Kanchan Vidhya Mandir Samudayik College
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711

# सुदूरपश्चिम विश्वविद्यालय
## विज्ञान तथा प्रविधि संकाय
## कम्प्यूटर विज्ञान तथा सभा प्रविधि केन्द्रीय विभाग
## महेन्द्रनगर कञ्चनपुर

## सेमेष्टर प्रणाली अन्तर्गत चार वर्षे स्नातक तह B.Sc. CSIT र BIT कार्यक्रमको २०८२ सालको नयाँ भर्ना सम्बन्धि सूचना ।

*मिति : २०८२/०४।२३ गते*

यस सुदूरपश्चिम विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सेमेष्टर प्रणाली अनुसार पठन-पाठन हुने विभाग तथा सम्बन्धित क्याम्पसमा स्नातक तहमा **B.Sc.CSIT** र **BIT** प्रथम सेमेष्टरमा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त शैक्षिक सत्र २०८२/०८३ को लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

**भर्ना/प्रवेश परीक्षा सम्बन्धि कार्यक्रम**

१. **आवेदन फारम वितरण** : २०८२ साल साउन १५ गते देखि भाद्र २५ गते सम्म विभागको कार्यालयमा आवेदन फारम भर्न सकिने छ ।
२. **प्रवेश परीक्षा शुल्क** : रु १,५००।- (परीक्षार्थीले प्रवेश परीक्षा शुल्क सु.प.वि.वि.कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागको नेपाल बैंक लि. मा रहेको चल्ती खाता नं. १५६००१०६५२६३४८००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।)
३. **प्रवेश परीक्षा** : **B.Sc.CSIT** २०८२ साल असोज ०१ गते **समय : दिउँसो १:00 बजे**
**BIT** २०८२ साल असोज ०१ गते **समय : बिहान ११:00 बजे**
४. **परीक्षा हुने स्थान** : कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
५. **नतिजा प्रकाशन** : २०८२ असोज ०३ गते
६. **भर्ना कार्यक्रम** : २०८२ असोज ५ गते देखी
७. **कक्षा संचालन** : २०८२ कार्त्तिक २३ गते देखि

नोट :

**B.Sc.CSIT मा भर्नाका लागी विज्ञान बिषय** लिई कक्षा +2 उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने), **Diploma in computer engineering** उर्त्तिण (प्रत्येक बिषयमा C ल्याएको हुनुपर्ने ।

**BIT को हकमा कक्षा १२ मा न्यनतम D** ग्रेड (**1.8 CGPA**) ल्याई जुनसुकै संकायबाट अध्ययन गरेको भएपनि न्युनतम १०० पूर्णाङ्कको गणित वा कम्प्युटर विज्ञान विषय अध्ययन गरेको हुनुपर्ने छ ।

**कर्ण देव भट्ट/विभागीय प्रमुख**

## सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

*मिति : २०८२।०४।१८*

सुदूरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते बिहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | | |

*नोट : BBA र BHM का हकमा रु १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा न 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

........................
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

## सुदुरपश्चिम विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र संकाय
## डीनको कार्यालय

## स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० वजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७